परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक




❑ वर्ष १४ ❑ अंक २१ २०८२ पुस ६ आईतवार Sunday, 21 DEC 2025 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## राजनीतिक अकर्मण्यताकै कारण मुलुक अशान्त र संस्कार विहीन अवस्थामा

पदमकुमार सरदार

विराटनगर । राजनीतिक अकर्मण्यताकै कारण मुलुक अशान्त र संस्कार विहीन भएको पूर्वप्रहरी महानिरिक्षक अच्युत कृष्ण खरेलले वताएका छन् ।




विराटनगरमा हिन्दु राष्ट्र स्वभिमान जागरण अभियान मोरङ्गले शनिवार आयोजना गरिएको समाजका प्रवुद्ध व्यक्तित्वहरु सहित वर्तमान हिन्दु समाजको अवस्था, हाम्रो भूमिका तथा प्रयास सम्बन्धि समसमायिक विषयमा आयोजित प्रवुद्ध नागरिक गोष्ठी बोल्दै सो कुरा वताएका हुन् ।

बैदिक सनातन धर्मग्रन्थहरुको आधारमा नै सभ्य सुसिल संस्कारी मर्यादित र अनुशासित समाज बनाउन प्रबुद्ध नागरीक गोष्ठीको आयोजना गरिएको थियो । वैदिक सनातन हिन्दुत्वको गरीमालाई वाह्य प्रभावमा परी जन-चहाना अनुरुप मुलुकले गतिविधि गर्न गराउन नसकेको र राजनैतिक अकर्मण्यताकै कारण मुलुक अशान्त र संस्कार विहिन बाटोमा गएको कारण धर्म संस्कृतिहरु लोप हन थालेको पूर्वप्रहरी महानिरिक्षक खरेल दावी गरेका थिए ।

हिन्दु समाजमा विकृति फैलाउन नदिनका लागि समाजका अगुवा समाजका प्रबुद्ध नागरीक र विद्वतजनहरुलाई दिशा निर्देशन गर्न यो कार्यक्रमको आयोजना गरिएको आयोजले वताए । कार्यक्रममा पशुपति सेकण्डरी स्कुल कटहरीका विद्यार्थीहरुले नृत्य प्रस्तुत गरेका थिए । विरेन्द्र सभागृहमा आयोजना गरिएको कार्यक्रममा प्रबुध्द नागरीक विचार गोष्ठीमा समाजका सबै प्रबुद्ध नागरीकहरु सहभागिता रहेको थियो ।

वर्तमान हिन्दु समाजको अवस्था, हाम्रो भूमिका तथा प्रयास सम्बन्धि समसमायिक विषयमा आयोजित प्रवुद्ध नागरिक गोष्ठी भेषप्रसाद धमलाको अध्यक्षतामा सम्पन्न भएको थियो ।

## ४७ स्थानमा मतदान स्थल सम्वेदनशील

विराटनगर । आगामी फागुन २१ गते तय गरिएको प्रतिनिधिसभा निर्वाचनका लागि निर्धारित मतदान स्थल मोरङमा ४७ वटा मतदान स्थल सुरक्षाका दृष्टिले अति संवेदनशील रहेको छ ।

मोरङका सहायक प्रमुख जिल्ला अधिकारी सरोज कोइरालाका अनुसार १ सय २५ वटा मतदान स्थललाई संवेदनशील र १३४ मतदान स्थललाई सामान्य अवस्थाको रुपमा रहेको भनि पहिचान गरिएको छ ।

विशेष गरेर भारतसँग सीमा जोडिएका पालिका भित्र रहेका र बढी मतदाता रहेका मतदान स्थललाई जिल्ला सुरक्षा समितिले अति संवेदनशील र संवेदनशील मतदान स्थलको रुपमा पहिचान गरेको छ ।

जिल्ला सुरक्षा समिति मोरङका एक सदस्यका अनुसार विराटनगर महानगर पालिकाको वडा नं १० र ११ भित्र रहेका मतदान स्थल, जहदा र धनपालथान गाउँपालिका, रंगेली नगरपालिकाको वडा नं ४, ५ ,६ र ७ सुनवर्षी नगरपालिकाका वडा नं ६, ७, ८ र ९ मतदान तथा रतुवामाई नगरपालिकाको वडा नं १ देखि वडा नं ५ सम्म रहेका मतदान स्थलहरुलाई अतिसंवेदन शील मतदान स्थलको रुपमा पहिचान गरिएको छ ।

विराटनगर महानगरपालिकाकै उत्तरी क्षेत्र, सुनवर्षी, रङ्गेली र रतुवामाई नगरपालिकाको उत्तरी क्षेत्र, बुढीगँगा, ग्रामथान, तथा पूर्व पश्चिम राजमार्ग क्षेत्रका बढी मतदाता भएका वडाहरुलाई संवेदनशील मतदान स्थलको रुपमा पहिचान गर्रिएको जिल्ला सुरक्षा समितिले जानकारी गराए ।

आगामी निर्वाचनका लागि पनि गत २०७९ सालमा सम्पन्न निर्वाचको मतदान स्थलहरुलाई नै यथावत राखिएको प्रदेश निर्वाचन कार्यालय कोशीका निमित्त प्रमुख चोलाराज

वांकी अन्तिम पेजमा...

## समाज निर्माणको लागि महिला आवश्यक

विराटनगर । नेपाली काँग्रेसका नेता डा. शेखर कोईरालाले तेरापंथी महिला मंडल विराटनगरले आयोजना गरेको श्री उत्सव विन्टर कार्यक्रमलाई सम्बोधन गर्दै असल समाज निर्माणको लागि महिला आवश्यक भएको वताएका छन् ।

विराटनगरको तेरापंथ भवनमा आयोजना गरेको श्री उत्सव विन्टर डा. कोईरालो भने महिलाहरु अहिले घरको काम मात्र नभएर विभिन्न काममा अगाडी बढीरहेको देखिन्छ, यस्तो प्रकारको कार्यक्रमले अन्य समुदायका महिलाहरुमा पनि होसला प्रदान गर्न सकिने वताए ।

धर्म संस्कृति, सभयता र संस्कारलाई फेरी पनि माथी उठाउन उहाँले सवैलाई आग्रह

वांकी अन्तिम पेजमा...




## प्रतिवन्धित लागुऔषध सहित सात पक्राउ

विराटनगर । सुनसरी र उदयपुरका बिभिन्न स्थानहरुबाट लागू औषध सहित ७ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

शुक्रवार सुनसरीको धरान-१६ स्थितमा लागू औषध बिक्रिबितरण भईरहेको छ भन्ने बिषेश सुचनाको आधारमा कोशी प्रदेश प्रहरी कार्यालय विराटनगर (पिट) र इलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी टोलीले प्रतिबन्धित लागू औषधी ट्रामाडोल ६ हजार ३०० ट्याब्लेट र स्पास्पेन ३ हजार ५१८ क्यासुल सहित बेचबिखानमा संलग्न सोहि स्थानको सबिन राई, सौरव राई, सुजन राई, धरान-११ का अस्बिन लिम्बु र धरान-१७ का संजय खड्कालाई नियन्त्रणमा लिएको थियो ।

त्यस्तै इटहरी- ५ बाट अस्थायी प्रहरी चौकी जनताबस्तीले इटहरी-१६ का धिरेन्द्र कुमार चौधरीलाई ५४० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो ।

इलाका प्रहरी कार्यालय रामपुर ठोक्सिला उदयपुरले त्रियुगा नगरपालिका-७ का रेमन मग्रातीलाई १०० मिलिग्राम ब्राउन सुगर सहित बेलका-९ बाट पक्राउ गरेको थियो । बेलका

वांकी अन्तिम पेजमा...






परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.विराटनगर द.नं. ०४/०७७/०७८

## ४७ स्थानमा...

दंगालले जानकारी गराए ।

मोरङको बेलबारी नगरपालिका वडा नं १ वराडाँगी स्थित जनएकता आधारभूत विद्यालयमा रहेको मतदान स्थललाईसारेर वडा कार्यालयमा कायम गरिएको छ । विद्यालय जङ्गलको छेउमा रहेकाले हात्ती आतङ्कको समस्या देखिएकाले सुरक्षाको सम्बेदनसिलता र मतदाताको अनुकुलतालाई हेरेर मतदान केन्द्र वडा नं १ को वडा कार्यालयमा सारिएको निमित्त प्रमुख दंगालले वताए ।

मतदान स्थलको सङ्ख्या र स्थान पुरानै कायम भएपनि मतदाताको बृद्धिको आधारमा मतदान केन्द्रहरु भने बढ्न सक्ने निर्वाचन कार्यालयले जनाएको छ । २०७९ मङ्सिरमा सम्पन्न आम निर्वाचनमा मोरङमा ८ सय ६९ वटा मतदान केन्द्र थिए ।

## समाज...

गदै धर्म संस्कृतिले सवैलाई एक ढिका बनाउन मदत गर्छ, यसका लागि तेरापंथ महिलाहरुले खेलेको भुमिका निकै नै प्रशंसा योग्य रहेको भनी प्रशसा गरेका थिए ।

तेरापंथ महिला मंडल विराटनगरकी अध्यक्ष मिलन नौलखाले महिला शसक्ति करणका लागि श्री उत्सव विन्टर कार्निवल कार्यक्रमको आयोजना गरेको वताउँदै श्री उत्सव विन्टर कार्निवल कार्यक्रममा महिला हरुले सञ्चालन गरेको घरेलु उद्योगबाट उत्पादन गरेका ३२ वटा स्टलमा विभिन्न सामग्रीहरु प्रर्दशनमा राखिएको थियो ।

## प्रतिवन्धित...

नगरपालिका- ८ डुम्रिबोटे स्थित सप्तकोशी नदिको किनारबाट २ वटा रबरको ट्युमा हरियो प्लाष्टिकमा पोका पारी लोड गरिएको अवस्थामा बेवारिसे लागू औषध गाँजा (६ बोरा) २ सय ५ किलो ६ सय ६५ ग्राम फेला पारी बरामद गरेको थियो ।

बरामद भएको गाँजा र पक्राउ परेका उनिहरुको थप अनुसन्धान भईरहेको छ ।




## स्मरण सभा

विराटनगर । श्री ५ महेन्द्र वीर विक्रम शाहले पुस १ गते आमुल परिवर्तन गरेको अवसरमा राष्ट्रिय नागरिक संघर्ष समिति मोरङले स्मरण सभा गरेको छ ।

विराटनगरमा विभिन्न कार्यक्रमको आयोजना गरेर राष्ट्रिय नागरिक संघर्ष समिति मोरङले स्मरण सभा मनाएको थियो । सभालाई सम्बोधन गर्दै समितिका अध्यक्ष सुभाष निरौलाले २०१७ साल पुस १ गते श्री ५ महेन्द्र बिरबिक्र शाहले आमुल परिवर्तन गरी चौतर्फी ढोका खोलेर नेपाल र नेपाली जनताको कल्याणका लागि गरेको योगदानको कदर गरेरं श्री ५ महेन्द्र वीर विक्रम शाहको स्मरणमा गरेको थियो ।

अहिले देशमा राजनीतिक खिचातानीका कारण नेपाली जनताहरुले राजाको अपेक्षा गर्न थालि सकेको भन्दै देशमा फेरि पनि आमुल परिवर्तन गर्नका लागि राजा नै आवश्यक रहेको अध्यक्ष निरौलाले सभामा दावी थियो ।

# कोशी प्रदेश प्रहरी कार्यालयबाट मंसिर महिनाको सर्वोत्कृष्ट प्रहरीहरु घोषित







विराटनगर । कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले मंसिर महिनाको तीन प्रहरीलाई एकै साथ सर्वोत्कृष्ट प्रहरी घोषित गरेका छन् ।

सवोत्कृष्ट घोषित हुनेहरुमा जिल्ला प्रहरी कार्यालय सुनसरीमा कार्यरत प्रहरी नायव निरीक्षक धर्मेन्द्र कार्की, इलाका प्रहरी कार्यालय पथरी मोरङमा कार्यरत प्रहरी सहायक निरीक्षक नमराज कार्की र कोशी प्रदेश प्रहरी कार्यालय विराटगर (पिट) मा कार्यरत प्रहरी सहायक हवल्दार टिका राम निरौला रहेका छन् ।

विभागीय मूल्य-मान्यता, आदेश-निर्देशनको पालना गरी उच्च मनोबल र साहसका साथ आफ्नो पदीय कर्तव्य निर्वाह गर्ने क्रममा प्रहरी नायव निरीक्षक धर्मेन्द्र कार्कीले सुनसरीको रामधुनी नगरपालिका-२ का सिटी सफारी चालक ४५ बर्षीय दिनेश कुमार चौधरीलाई गोली प्रहार गरी हत्या गरेको घटनाको मुख्य योजनाकार नन्दकिशोर साह सहित ७ जनालाई पक्राउ गरी कानूनी कारवाहीको दायरामा ल्याउन मुख्य भूमिका निर्वाह गरेको थियो ।

त्यसैगरी प्रहरी सहायक निरीक्षक नमराज कार्की र प्रहरी सहायक हवल्दार टिका राम निरौलाले मोरङको लेटाङ नगरपालिका-२ का नविन गौतमको छोरी १२ बर्षीया अंशु गौतमको हत्या भएको घटनाको अनुसन्धानको क्रममा महत्वपूर्ण भूमिका वहन गरी संलग्न लेटाङ-२ का पदम बहादुर अधिकारीलाई नियन्त्रणमा लिई कानूनी कारवाहीको दायरामा ल्याउन उल्लेखनीय भूमिका निर्वाह गरेको थियो ।

आम नागरिकहरु र जनमानसमा शान्ति सुरक्षाको अनुभूति हुने किसिमले आफ्नो पदीय दायित्व तथा जिम्मेवारी उत्कृष्ट तवरबाट वहन गरेको हुँदा निज प्रहरी कर्मचारीहरुबाट सम्पादित कार्यको उच्च मूल्याङ्कन गर्दै संयुक्त रुपमा २०८२ साल मंसिर महिनाको "सर्वोत्कृष्ट प्रहरी" शुक्रवार घोषणा गरिएको थियो





## प्रतिलिपि अधिकार संरक्षण गरौं ।

- सर्जकको सम्मान शब्दले होईन व्यवहारमा गरौं,
- सिर्जनालाई बचाऊँ, सर्जकलाई सम्मान गरौं,
- अर्काको सृर्जना वा रचना चोरी नगरौं,
- प्रतिलिपि अधिकार उल्लघ्ङ्न नगरौ,
- बौद्धिक सम्पतिको रक्षा गरौ,
- सृजनाको संरक्षण गरौं,

सर्जकलाई सम्मान, प्रतिलिपि अधिकारको संरक्षण ।

नेपाल सरकार, विज्ञापन बोर्ड



## विराटनगर महानगरपालिकाको सूचना

- ❒ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- ❒ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- ❒ छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- ❒ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- ❒ छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- ❒ सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- ❒ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- ❒ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- ❒ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- ❒ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- ❒ बालश्रम शोषण समाजिक अपराध हो ।
- ❒ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- ❒ सार्वजनिक स्थलमा जतातते फोहोरमैला नफालौं ।



## पूर्वाधार विकास कार्यालय विराटनगर, मोरंग

### पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

- सडकमा घरपालुवा चौपायाहरू बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रुख विरुवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादी निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकाको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरूले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ बाँयामा क्षति हुनेकुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाईं हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवास निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिस्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधीकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुल, पुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिम रहित पुर्वाधार सेवा प्राप्ती नागरीक अधिकार ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।


परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२, ९८०७३५२२१३
संवाद दाता : मंजु शर्मा कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट : विजय कु.मण्डल
मुद्रक:बाबा प्रिन्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# जाडो मौसमसँगै चिसोको प्रभाव

जाडो मौसम सुरु भई सकेको छ। जाडो मौसमसँगै चिसोको प्रभाव हाम्रो दैनिकीमा गहिरिँदै गएको छ। नेपालको पहाडी तथा हिमाली भू-भागमा चिसो बढी हुने गरेको छ भने तराई भेगमा पनि त्यतिकै चिसो हुन्छ। चिसोले गर्दा बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा दीर्घरोगीहरूलाई बढी असर पुऱ्याउने गर्दछ। हरेक वर्ष चिसोका कारण निमोनिया, रुघाखोकी, दम, उच्च रक्तचाप तथा मुटुसम्बन्धी रोगहरू बढ्ने गरेका छन्। त्यसैले चिसोलाई सामान्य रूपमा नलिएर समयमै सतर्कता अपनाउनु पर्छ।

चिसोबाट बच्न सर्वप्रथम न्यानो कपडाको प्रयोग अनिवार्य छ। बिहान र बेलुकाको समय अत्यन्त चिसो हुने भएकाले आवश्यक काम बाहेक बाहिर ननिस्कनु उपयुक्त हुन्छ। घरभित्र न्यानो वातावरण बनाउने, घाम ताप्ने, तातो पानी र झोलिलो खानेकुरा सेवन गर्ने बानीले शरीरलाई चिसोसँग जुध्न मद्दत पुऱ्याउँछ। साथै सरसफाइमा ध्यान नदिँदा रोगको जोखिम झन् बढ्ने भएकाले व्यक्तिगत र वातावरणीय सरसफाइमा विशेष ध्यान दिनु आवश्यक छ। ग्रामीण तथा विपन्न समुदायमा चिसो अझै ठूलो चुनौती बनेको छ।

न्यानो कपडा, सुरक्षित आवास र स्वास्थ्य सेवाको पहुँच नहुँदा चिसोले ज्यानै गुमाउनुपर्ने अवस्था पनि देखिन्छ। यस्तो अवस्थामा राज्य, स्थानीय तह, सामाजिक संघसंस्था तथा सचेत नागरिकहरूले सहयोगको भावना देखाउनु जरुरी छ। चिसो प्राकृतिक प्रक्रिया भए पनि त्यसबाट हुने क्षति हाम्रो लापरबाहीका कारण बढ्ने गरेको छ। यदि हामी सबैले व्यक्तिगत सतर्कता, सामाजिक सहयोग र सरकारी जिम्मेवारीलाई समान रूपमा आत्मसात् गर्न सक्यौँ भने चिसोबाट हुने जोखिमलाई धेरै हदसम्म न्यूनीकरण गर्न सकिन्छ। त्यस तर्फ सवैपक्षले ध्यान दिन जरुरीछ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ।

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : मनमा अनावश्यक तर्कक‌तर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : विद्यार्थीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्नै सम्भावना रहेको छ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू): आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ।**

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द) :सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : शत्रुहरुको शिर निहुरिनेछ। भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट,आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

# ऐमाले महाधिवेशन सकिएपछिका सात टिप्पणी

**आम जनतासँग एमालेको सम्बन्ध कस्तो छ भन्ने कुरा त आगामी निर्वाचनले थाहा देला तर प्रदर्शनीमार्गमा एमाले नेता-कार्यकर्तामा देखिएको उत्साह लोभलाग्दो थियो।**

**झलक सुवेदी**

नेकपा एमालेको ११औं महाधिवेशन केही अर्थपूर्ण परिणामहरू निकाल्दै सम्पन्न भएको छ। पार्टीका नीति र सिद्धान्तमाथि बहस गर्न रोक लगाइएको यो महाधिवेशन नेतृत्व चयनमा केन्द्रित थियो। पहिल्यै अनुमान गरिए जस्तै कमरेड ओली तेस्रो पटकका लागि अध्यक्षमा निर्वाचित भएका छन्। यसो भन्न सकिन्छ ओलीलाई भदौ २३ र २४ को जेनजी प्रदर्शनपछि उत्पन्न राजनीतिक माहोलपछि पनि पार्टी पंक्तिले आफ्नो नेताका रूपमा पुनः अनुमोदन गरेको छ।

पार्टी जीवनका लागि यसको परिणाम जे-जस्तो आउने भए पनि कमरेड ओलीको राजनीतिक जीवनलाई यसले पुनर्स्थापित गरिदिएको छ। नवनिर्वाचित अध्यक्ष कमरेडलाई हार्दिक बधाई तथा शुभकामना।

कमरेड ईश्वर पोखरेललाई पनि हार्दिक बधाई तथा शुभकामना। उनले हिम्मत गरेर आफूलाई प्रतिस्पर्धीका रूपमा उभ्याए। यसै पनि उनलाई नेतृत्वबाट अवकाशको बाटो देखाउने प्रपञ्च विधान महाधिवेशनबाटै गरिएको थियो। तर अध्यक्षमा कमरेड ओलीसँग प्रतिस्पर्धा गरेर पोखरेलले एमालेलाई प्रश्नविहीन भक्ति मार्गतिर जानबाट बाहिर निकाल्न कोशिश गरेका छन्।

आफ्नो जीवनको उत्तरार्धतिर आएर उनले २१ वर्षे उमेरमा जस्तै आन्दोलनलाई एउटा गुन लगाएका छन्। उनलाई यसका निम्ति इतिहासले सम्झने छ। विशेष बधाई गोकर्ण विष्ट र योगेश भट्टराईलाई जसले एमालेभित्र जीवनतत्व बाँकी छ भन्ने प्रमाणित गरेका छन्।

कमरेडहरू पृथ्वी सुब्बा गुरुङ, विष्णु पौडेल, रघुजी पन्तहरूलाई पनि बधाई। महासचिवमा फेरि निर्वाचित कमरेड शंकर पोखरेललाई पनि र जो जो कमरेडहरूले जित्नुभयो उहाँहरू सबैलाई बधाई। जो-जो पराजित हुनुभयो उहाँहरूलाई शुभकामना!

हार्ने र जित्नेहरूका बीचको यो टक्करले एमाले भित्र र बाहिर समाजमा जुन बहस सिर्जना गरेको छ त्यो खेर जाने छैन।

उकुसमुकुसबाट मुक्ति

एमालेको पार्टी जीवनमा एघारौं महाधिवेशनको विशेष अर्थ रहनेछ। २०७१ असारमा सम्पन्न नवौं महाधिवेशनमा कमरेड ओली अध्यक्ष निर्वाचित भएपछिबाटै नेकपा एमाले एउटा उकुसमुकुसको च्याम्बरमा प्रवेश गरेको थियो। सार्वजनिक वैधता ओलीका पक्षमा थियो। पार्टीभित्र उनको बहुमत हुनेवित्तिकै उनले पार्टीलाई एकलौटी रूपमा चलाउन थालेका थिए।

पार्टीमा स्थापित सामूहिक निर्णयपद्धति समाप्त गरियो। फरक मतलाई निषेध गरियो। २०५५ तिरदेखि समूहगत रूपमा पेलानमा परेका ओली पक्षधरहरूले माथिदेखि तलसम्म फरक समूहलाई पेलेर जाने बदलाको नीति लिए।

पार्टीमा जो जो जुन तहका अध्यक्ष या इन्चार्ज भए तिनले आफूलाई तह अनुसारको छोटे ओलीमा बदले। कुनै पनि कमिटीमा राजनीतिक वैचारिक बहस निषेध गरियो। फरक मत व्यवस्थापन गर्नुभन्दा नेता-कार्यकर्तालाई पार्टी छाडेर जान चुनौती दिन थालियो।

यो सिलसिला बढ्दै जाँदा पार्टी विभाजित भयो। दशौं महाधिवेशनपछि त यो प्रवृत्तिले थप गति लियो। अध्यक्ष र महासचिव आफैं प्रदेश र जिल्ला हुँदै वडातहसम्म अनि सबै जनसंगठनमा गुट हुर्काउन थाले। यससँगै आफ्नो गुटसँग नजिक नहुनेलाई माथिदेखि तलसम्म अवसरबाट वञ्चित गरियो। पार्टीलाई भक्तहरू (एसम्यान) को झुण्डमा बदल्ने कोशिश भयो।

यसपालि विद्या भण्डारी प्रकरणसँगै पार्टीमा थुनिएको उकुसमुकुसको बाँधमा प्वाल परेको थियो। कमरेड भण्डारीलाई पार्टीमा आउन, आफू पछिको अध्यक्ष बन्न पनि ओलीले नै निम्त्याएका थिए भनिन्छ। जब विद्याले मुखै फोरेर अध्यक्षमा दाबी गर्न थालिन् अनि ओलीले सबै वाचा र सम्बन्धहरू तोडे। पार्टीमा आफ्नो पद ताक्नेलाई बाघझाप्पु हान्ने भनेर सार्वजनिक वक्तव्यबाजी गर्दै गए।

महाधिवेशन आएसँगै कमरेड ईश्वर, युवराज, अष्टलक्ष्मी, सुरेन्द्र, योगेश, विन्दा, गोकर्ण र कर्णहरूले जबर्जस्त रूपमा पार्टीमा फरक समूह र फरक मत अगाडि सारे। यससँगै तलसम्म एउटा लहर आयो। अन्यायमा परेका, कुनामा परेका या बोल्न डराएकाहरू पनि बोल्न थाले। महाधिवेशनस्थलसम्म आइपुग्दा धेरैले आफूलाई स्वतन्त्र महसुस गर्न पुगे।

खास समयमा फरक मत र कित्तामा पुगे पनि पार्टीका लागि सबै बराबर हुनुपर्छ, विभेद गर्न पाइन्न भन्नेहरू एउटै गुट बलियो बन्यो भने पार्टीमा तानाशाही हुर्कन्छ, गलत निर्णयको शिकार बन्छ भनेर विश्लेषण गर्नेहरूले क्रस भोटिङ गरेर पार्टीमा एकताको धागो छिराए। गोकर्ण, योगेश, सुरेन्द्र र विन्दाहरूले पाएको मतले त्यसको पुष्टि गर्छ।

समग्रमा ओली नेतृत्वमा आएपछि रोकिएको पार्टीको आन्तरिक लोकतन्त्रीकरणको प्रक्रियाले फेरि लय समात्ला कि भन्ने आशा पलाएको छ। एमालेको लोकतन्त्रीकरणले अरू दल र समाजमा पनि लोकतन्त्रीकरणको प्रक्रियालाई बलियो बनाउन मद्दत गर्नेमा विश्वास गर्न सकिन्छ।

सुनिजान्नेहरूका अनुसार ओली कमरेड पार्टीका औपचारिक, अनौपचारिक थलोहरूमा आफूलाई सी चिनफिङलाई झैं प्रश्नरहित नेता मान्नुपर्छ भनेर माग गर्थे। चीनको र नेपालको शासन प्रणालीका बीच रहेको भिन्नताका सन्दर्भमा ओलीले गरेको सीको झैं प्रश्नहीन बन्न पाउनुपर्ने माग असंगतिपूर्ण थियो।

त्यसमाथि नेपालको कम्युनिस्ट आन्दोलन आरम्भदेखि नै उदार सोचबाट प्रभावित छ। एमालेले अँगालेको जबजले उदारवादकै आधारहरूलाई स्वीकार गरेको छ। खुला प्रतिस्पर्धा यसको मुख्य प्रवृत्ति बन्न थालेको पनि पाँचौं महाधिवेशनबाटै हो।

एमालेलाई विचारमा अनुदारवाद र संगठनमा फाँसीवादतिर धकेलेको ओली नेतृत्वमा आएपछि नै हो। यसपटक उनको मिसनमा केही चोट लागेको त छ तर त्यसले उनलाई थप उग्र बनाउन पनि सक्छ।

जे भए पनि ओलीले प्रश्न सहितको र विकल्पहरूमध्येको एउटा च्वाइसका रूपमा आफ्नो अस्तित्व स्वीकार गर्न कर लागेको छ। भित्र गुम्सिएको च्याम्बर भेन्टिलेट भएको छ।

गिर्दो वैधानिकता

महाधिवेशनबाट ओली पुनः नेतृत्वमा आएका छन्। त्यसमाथि दशौं महाधिवेशनको जस्तो एकलौटी नभएर प्रतिस्पर्धाका आधारमा अत्यधिक मत पाएर विजयी भएका ओलीले आफ्नो वैधानिकता पुनः दाबी गरेका छन्।

भदौ २३ र २४ को कहाली लाग्दो समयपछि पनि पार्टीमा यो स्तरको समर्थन कायम रहनु उनको राजनीतिक जीवनका लागि सन्तोषको विषय हो। यसलाई उनले अरू राजनीतिक दल, आम जनता, राज्यका निकायहरू र विदेशी सरोकारवालाहरूसमक्ष पनि आफ्नो वैधानिकताको प्रमाणका रूपमा पेश गर्नेछन्। तर यो कति राजनीतिक हो र कति प्राविधिक मात्र भन्ने प्रश्नले भने उनलाई पछ्याउन छाड्ने छैन।

पहिलो, उनले महाधिवेशन आउनु पाँच महिना पहिले कमरेड विद्या भण्डारीको सदस्यता खोसेर आफूलाई चुनौतीविहीन बनाउन शक्तिको दुरुपयोग गरे। दोस्रो, विधान महाधिवेशनका बेला समेत

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१

**एम्बुलेन्स सेवा**

जिविस मोरङ ५३६३५३
नेरिसो रंगेली ५८००४८

**अस्पताल**

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी

# मोरङ्गको धनपालथान गाउँपालिका वडा नं. २ मा रहेका ग्रामथानको परिचय

**९. ग्रामथान ललियापूर्व**

धनपालथान गाउँपालिका वडा नं. २ ललिया चोकदेखि पूर्व सोराभाग जाने बाटोको दक्षिण टोलमा ग्रामथान ललिया रहेको छ । धेरै वर्षपहिले बाँस, कर्ची र परालको छाप्रोमा र पछि सखुवा काठको खम्बा र टिनको छाना भएको ग्रामथान बनाई पूजापाठ गर्दै आएकोमा सात वर्ष भएको छ । सातवर्ष पहिले ईंटाको पर्खाल ढलाल गरी दुईवटा सानो सानो कोठा भएको ग्रामथान बनाइएको स्थानीय ६७ वर्षका रामदेव गनगाईले बताए ।




उक्त ग्रामथानमा प्रत्येक वर्ष बैशाख १३ गते पूजाहुँदै आएको छ । करिब २० वर्ष पहिले ग्रामथानमा पाठापाठी, परेवा, हाँस लगायतको वलि दिने प्रचलन रहेकोमा त्यसयता बैश्णवी पूजागरिन्छ, पुजारी पोषण मण्डलले बताएका छन् ।

उक्त ग्रामथानमा करिब १० धुर जग्गामा ईंटाको ग्राउण्डवाल निर्माण भइरहेको छ । हाडी, मुसहर, गनगाई हलुवाइ, बढई, सुडी बनिया, ठाकुर लगायतका जातजातिका मानिसहरु यहाँ पूजापाठ गर्न आउने गरेका छन् ।

**१०. ग्रामथान ललिया पशिचम**

धनपालथान गाउँपालिका वडा नं. २ ललिया चोकबाट पश्चिम जाने बाटोको दक्षिणतिर ललिया ग्रामथान रहेको छ । करिब ५ धुर जग्गामा ईंटाको पर्खाल कुर्सीसम्म उठाइएको र ईंटाको पर्खामाथि ढलान भएको दुई कोठा भएको ग्रामथान निर्माणाधीन अवस्थामा रहेको छ ।

उक्त ग्रामथानमा पनि बाबुबाजे को पालाको बाँस, कर्ची र परालको छाप्रोमा पुजापाठ गर्दै आएको, त्यसपछि सखुवाको खम्बा र टिनाको छाना भएको ग्रामथान बनियो। हाल पक्की घर निर्माणाधीन अवस्थामा रहेको ५६ वर्षिय रघुनाथ मण्डलले जानकारी दिए ।



गाउँ समाजमा चन्दा उठाएर प्रत्येक वर्ष बैशाख १५ गते र असारमा समेत पुजारी सीताराम मण्डलले बैश्णवी पूजा गर्दै आएका छौं, स्थानीय ५९ वर्षिय बौकाइ ॠषिदेवले बताए ।

वैश्णवी पूजामा फलफूल, घुप अगरबत्ती, ठठेलको घोडा लगायतको पूजा सामग्री लिएर पूजापाठ हुँदै आएको छ ।

**११. ग्रामथान जटहा पोखरी पैटा**

धनपालथान गाउँपालिका वडा नं. २ लक्ष्मीमार्गमा रहेको पैटा लवटोलियादेखि दक्षिणतर्फ जटहा पोखरीको डिलबाट पशिचम उत्तर कोणको डिलमा करिब पाँच धुर जग्गा दक्षिण फर्केको दुई कोठाको पक्की भवन र ईंटाको पर्खाल भएको ग्राउण्डवाललले घेराबेरा गरेको ग्रामथान जहटा पोखरी पैटा रहेको छ ।

ग्रामथानको स्थापना कहिले र कसले गरेको हो केही थाहा छैन । हामीले देखे अनुसार सुरुमा ग्रामथान बाँस, कर्ची, सन्ठी र परालको छाप्रोमा पुजापाठ गर्दै आएको थियो । धनपालथान गाउँपालिका वडा नं. २ को स्थानीय स्व. वलराम भगत वडा



अध्यक्षमा जितेपछि पक्की भवन निर्माणमा सहयोग गर्न तयार भएको स्थानीय ७० वर्षिय फागु मण्डलले बताए ।

ग्रामथानमा धेरै पहिले पाठापाठी, चल्ला, अण्डाको वलि दिइन्थ्यो । ५० वर्ष यता बलि प्रथाका अन्त्य गरी फलफूल, पुजा सामग्री, मिठाई, ठठेलको घोडा, कागजको झाप लगायतका सामग्री प्रयोगमा ल्याइएको थियो । पुजारी रामपदार्थ विश्वासले गाउँबासीको सहयोगमा पुजापाठ गर्दै रकम काटिएको ८५ वर्षिय स्थानीय लखन भगतले बताए । वाटो घाटोको सुविधा छैन । खेतीको आली भएर ग्रामथान पुग्नुपर्छ । स्थानीयबासीले छोराछोरीको विवाहको अवसरमा पूजापाठ गर्न अनिवार्य ग्रामथानमा जनुपर्ने प्रचलन रही आएको छ ।

**१२. ग्रामथान पैटा**

धनपालथान गाउँपालिका वडा नं. २ लक्ष्मीमार्ग पैटा टोलको सडकदेखि दक्षिणमा पैटा ग्रामथान रहेको छ । उक्त ग्रामथानमा प्रत्येक वर्ष बैशाख ८ गते पुजापाठ हुँदै आएको छ । पुजारी वर्ष ६९ को गणेश यादवले धेरै वषबताए ।

बाबुबाजेले ग्रामथान रहेको स्थानमा एउटा पाखरको रुख रहेको कथा सुनाउँथे । त्यसको जरामा ढङ्गा र माटो राखी वार्षिक रूपमा पूजा गर्दै आउनु पर्दछ । करिब २० वर्ष पहिले पाखरको रुख बिक्री गरी आएको रकम र संविधान सभा सदस्य रामानन्द मण्डलको आर्थिक सहयोगमागाउँबासीको सहभागितामा पक्की ग्रामथान बनाई ईंटाको कम्पाउडवाल लगाइको थियो ।

स्थानीय ६० वर्षिय दुर्गानन्द चौधरीले बताए अनुसार उक्त ग्रामथानको अगाडि डिहिवर थानमा डोम (मरिक) समुदायका मानिसहरूले भाकल गर्दथे । भाकल पुरा भएपछि बङ्गुर, रक्सी लगायतका सामग्री लिएर पूजा गर्ने गरेकाथिए । वार्षिक रूपमा पुजापाठ नगरे पनि हरेक वर्ष



दर्जनौ डोम समुदायका मानिसहरुले भाकल गर्दछन् । भाकल पूरा भएपछि यहाँ आएर पूजागर्ने चलन छ ।

# प्रतिवन्धित लागुऔषध सहित ८ जना पक्राउ

सुनसरी, पुस ३ गते । सुनसरी, मोरंग र झापा जिल्लाको बिभिन्न स्थानबाट प्रतिवन्धित लागुऔषध सहित ८ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

घटनाको विवरण अनुसार सुनसरी जिल्लाको दुई छुट्टा छुट्टै स्थानबाट प्रतिबन्धित लागू औषधी सहित २ जनालाई अस्थायी प्रहरी चौकी श्यामचोकबाट खटिएको प्रहरी टोलीले धरान-५ स्थितमा चेकजाँचको क्रममा सोही स्थानका समिर राईलाई लागू औषधी डिकोलिक र स्पास्पेन गरी जम्मा ८ हजार २ सय ४७ ट्याब्लेट सहित बुधबार नियन्त्रणमा लिएको थियो ।

सोही दिन अस्थायी प्रहरी पोष्ट जोरसंखुवाले धरान-१६ का संजय तामाङलाई ट्रामाडोल १६७ ट्याब्लेट र स्पासपेन ५७२ क्यासुल सहित नियन्त्रणमा लिएको थियो ।

बिशेष सुचनाको आधारमा मोरङको इलाका प्रहरी कार्यालय लेटाङबाट खटिएको प्रहरी टोलीले लेटाङ नगरपालिका-५ का धिरज न्यौपानेलाई ९ ग्राम ब्राउन सुगर सहित नियन्त्रणमा लिएको थियो । त्यसैगरी झापाको इलाका प्रहरी कार्यालय दमकले दमक- ६ का बिर बहादुर पौडेललाई १ ग्राम २३० मिलिग्राम ब्राउन सुगर सहित र कन्काई नगरपालिका-६ का गोपाल राजबंशीलाई १७० मिलिग्राम ब्राउन सुगर सहित अस्थायी प्रहरी पोष्ट दुर्गापुरले पक्राउ गरेको थियो ।

त्यस्तै सुनसरीको बराहक्षेत्र नगरपालिका-७ का बिशाल राईलाई इलाका प्रहरी कार्यालय महेन्द्रनगरले ५८० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो ।

त्यसैगरी सुनसरी जिल्लाको दुई छुट्टा छुट्टै स्थानबाट प्रतिबन्धित लागू औषधी सहित २ जनालाई प्रहरीले पक्राउ गरेको थियो ।

पुस २ गते अस्थायी प्रहरी चौकी श्यामचोकबाट खटिएको प्रहरी टोलीले धरान-५ स्थितमा चेकजाँचको क्रममा सोही स्थानका समिर राईलाई लागू औषधी डिकोलिक र स्पास्पेन गरी जम्मा ८ हजार २ सय ४७ ट्याब्लेट सहित नियन्त्रणमा लिएको हो भने अस्थायी प्रहरी पोष्ट जोरसंखुवाले धरान-१६ का संजय तामाङलाई ट्रामाडोल १६७ ट्याब्लेट र स्पासपेन ५७२ क्यासुल सहित नियन्त्रणमा लिएको थियो ।

पक्राउ परेका ८ जना उपर सम्बन्धित प्रहरी कार्यालयवाट थप अनुसन्धान भई रहेको छ ।

# ३३७ किलो गाँजा बरामद

सुनसरी, मंसिर २८ गते । सुनसरीको कोशी गाउँपालिका-८ स्थितबाट ३ सय ७७ किलोग्राम र इनरुवा नगरपालिका-३ स्थतिबाट १० किलोग्राम गाँजा प्रहरीले बेवारिसे अवस्थामा बरामद गरेको छ ।

मंसिर २७ गते जिल्ला प्रहरी कार्यालय सुनसरीबाट खटिएको प्रहरी गस्ती टोलीले कोशी गाउँपालिका-८ स्थितमा ११ वटा बोरामा रहेको ३ सय ७७ किलोग्राम गाँजा बरामद गरेको थियो ।

त्यसैगरी इनरुवा नगर पालिका-३ स्थितबाट १० किलोग्राम गाँजा र २ ग्राम १८० मिलिग्राम लागुऔषध ब्राउनसुगर बेवारिसे अवस्थामा बरामद गरेको थियो । लागुऔषध गाँजा र ब्राउन सुगर बरामद भए संगै ओसार पोसारमा संलग्न व्यत्तिहरुको खोजी कार्य भईरहेको प्रहरीले जनाएको छ ।


## वडा वासीहरूको लागि जनहितमा जारी सूचना

- आफ्नो घर आगँन सफा राखौ ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौ ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔ।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ ।
- सडक बाटोको अतिक्रमण नगरौ ।

वडा अध्यक्ष : श्याम घिमिरे

१९ नं. वडा कार्यालय,
विराटनगर महानगरपालिका,
मोरंग, कोशी प्रदेश

# अग्रेजी नयाँ वर्षको उपलक्ष्यमा २७ औं पोखरा सडक महोत्सव

विराटनगर । अग्रेजी नयाँ वर्षको उपलक्ष्यमा २७ औं पोखरा सडक महोत्सव आउँदो पुस १३ गते देखि १७ गते हुने भएको छ ।




रेष्टुरेण्ट एण्ड बार एशोसियसन नेपाल (रेवान) पोखराको सयोजक तथा प्रथम उराध्यक्ष बसन्त गौतम सहितको टोलीले विराटनगरमा पत्रकार सम्मेलन गरी सो कुराको जानकारी गराए । प्राकृतिक सौन्दर्यले भरिपूर्ण नेपालको पर्यटकीय राजधानी पोखराको मुटु लेकसाइडमा विगत २६ वर्षदेखि अनवरत रूपमा आयोजना हुँदै आएको 'पोखरा सडक महोत्सवको २७ औं संस्करणको प्रचार प्रसार तथा निम्तो दिनको लागि विराटनगर आईपुगेको जानकारी गराए ।

“सडक मै खाउ, सडक मै नाचौं, सडक मै रमाउँ“ भन्ने मूल नाराका साथ खाना, संस्कृति र संगितलाई प्रवर्द्धन गर्ने यस महोत्सवले पोखराको पर्यटनमा मात्र नभई समग्र नेपालको पर्यटन प्रवर्द्धनमा विशेष स्थान ओगटेको गौतमले दावी गरेका थिए ।

नेपाली नागरिकले कुनै वेला अग्रेजी नयाँ वर्ष मनाउन भारतको गोवा र थाइल्याण्ड जाने परम्परा थियो । तर, पोखरा सडक महोत्सवले त्यो परम्परालाई तोड्दै पोखरालाई 'अङ्रेजी नयाँ वर्षको प्रमुख गन्तव्यको रुपमा स्थापित गरि सकेको छ । अहिले पोखराको पहिचान, 'ब्रान्ड' र गौरवमय इतिहासको अभिन्न हिस्सा वन्न सफल भएको संयोजक गौतमले जानकारी गराए ।

वेला वखतको विषम परिस्थिति र संकटका बाबजुद दिगो पर्यटनको परिकल्पनालाई सार्थक बनाउन निरन्तर लागि सुस्ताएको पर्यटन व्यवसायलाई पुनरुत्थान गर्न र 'पोखरा सुरक्षित तथा खुला छ' भन्ने सन्देश विश्वसामु प्रवाह गर्न यो महोत्सवले सन्जीवनीको भूमिका खेलेको प्रेस विज्ञप्तीमा उल्लेखछ ।

सडक महोत्सवले पोखरा तथा आसपासका गाउँहरूमा उत्पादन हुने कृषि उपज, हस्तकला र घरेलु सामग्रीलाई प्रदर्शन र विक्रीको अवसर प्रदा गर्दै स्थानीय तथा ग्रामीण अर्थतन्त्रलाई गतिशील वनाउँदै क्रिसमस र नयाँ वर्षमा विदेशी पर्यटकहरूले नेपालमै बसेर रमाउन सक्ने वातावरण सिर्जना गरी विदेशी मुद्रा आर्जन गर्न सफल भएको छ ।

महोत्सवका प्रमुख आकर्षण तथा विशेषताहरू

१ सांस्कृतिक विविधता: नेपालका विभिन्न जातजातिका लोपोन्मुख सांस्कृतिक झाँकीहरू, मौलिक भेषभुषा र परम्परागत नृत्यहरूको प्रदर्शन। यो सास्कृतिक हस्तान्तरण र सरक्षणको एक महत्वपूर्ण मञ्च हुनेछ ।

२. स्वादको उत्सव (ँययम ँभकतष्खबà) “सडकमै खाऔं' भन्ने नारालाई सार्थक पार्दै सडकमै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिकारहरूको प्रत्यक्ष स्वाद लिन पाइने व्यवस्था ।

३. मनोरञ्जन: नेपालका ख्यातिप्राप्त राष्ट्रिय कलाकार हरूको 'लाइभ कन्सर्ट, मौलिक लोक दोहोरी गीत प्रस्तुति ।

४. साहसिक तथा खेलकुद गतिविधि: फेवा तालमा बोट रेस, वेटर रेस, रस्सा कस्सी (तान या ध्बच) पर्यटकहरूका लागि लक्षित विशेष खेल गतिविधिहरू ।

५. शैक्षिक तथा प्रवर्द्धनात्मक कार्यक्रम: पोखराको पर्यटनका अवसर र चुनौतीबारे विज्ञ हरूसँग 'टक शो' (त्बपि क्जयध) पोखराको सौन्दर्य झल्कने वृत्तचित्र प्रदर्शन र फोटो प्रदर्शनी हुनेछ ।

महोत्सवको मुख्य प्रायोजक: गोर्खा बुअरी प्रा लि., सह-प्रायोजकहरू: बोटलर्स नेपाल (तराई लि., दि नेपाल डिष्टिलरी प्रा.लि, यति डिष्टीलरी प्रा.लि., नेपाल टेलिकम लगायत रहेको छ भने बैंकिङ पार्टनर सिद्धार्थ बैंक लि, प्रवर्द्धकहरू गण्डकी प्रदेश उद्योग तथा पर्यटन मन्त्रालय, नेपाल पर्यटन बोर्ड, पोखरा महानगरपालिका लगायत रहेका छन् ।

# आम के पेड पर सफेदी (चुना) लगानेकें फाइदें

आम के पेड़ पर सफेदी ( चूना) लगाना एक पुरानी और प्रभावी कृषि तकनीक है, जिसे किसान और बागवान वर्षों से अपनाते आ रहे हैं । यह न केवल पेड़ को कीटों और रोगों से सुरक्षित रखती है, बल्कि उसकी समग्र सेहत और उत्पादकता बढ़ाने में भी महत्वपूर्ण भूमिका निभाती है । सही समय पर और सही तरीके से की गई सफेदी आम के पेड़ को लंबे समय तक स्वस्थ बनाए रखती है ।

पेड़ के तने पर सफेदी ( चूना) लगाने के फायदे

**१. कीटों से सुरक्षा :-**

सफेदी का लेप दीमक, छाल खाने वाले कीट, चींटियाँ और अन्य हानिकारक कीटों को तने पर चढ़ने से रोकता है, जिससे पेड़ सुरक्षित रहता है ।

**२. फंगल संक्रमण से बचाव :-**

चूने की क्षारीय प्रकृति ( बपिबष्लिभ ल्बतगचभ) फफूंद, बैक्टीरिया और अन्य रोगजनकों के विकास को रोकती है, जिससे तना सड़ने और रोग फैलने की संभावना कम हो जाती है ।

**५. तापमान नियंत्रण :-**

गर्मियों में सफेदी का सफेद रंग सूर्य की तेज किरणों को परावर्तित करता है, जिससे तने का तापमान नियंत्रित रहता है और सनबर्न (क्गलदगचल) जैसी समस्याओं से बचाव होता है ।

**६. छाल की दरारों की सुरक्षा :-**

पुराने या कमजोर पेड़ों की छाल में आई दरारों में कीट और रोग छिप जाते हैं। सफेदी इन दरारों को ढककर पेड़ को अतिरिक्त सुरक्षा प्रदान करती है ।

**७. नमी बनाए रखने में सहायक :-**

सफेदी तने में नमी बनाए रखने में मदद करती है, जिससे गर्म और शुष्क मौसम में भी पेड़ को पर्याप्त नमी मिलती रहती है ।

तने पर सफेदी कैसे लगाएं

१ किलो बुझा हुआ चूना, २०० ग्राम तूतिया (कॉपर सल्फेट) और १० लीटर पानी को अच्छी तरह मिलाकर एक समान घोल तैयार करें । ब्रश या झाडू की सहायता से इस घोल को पेड़ के तने पर जमीन से ऊपर लगभग ४-५ फीट की ऊँचाई तक अच्छी तरह लगाएं ।




**३. पोषक तत्वों की आपूर्ति :-**

चूना मिट्टी की अम्लीयता को संतुलित करता है और कैल्शियम जैसे आवश्यक तत्व उपलब्ध कराता है, जो जड़ों को मजबूत बनाने और पेड़ की वृद्धि में सहायक होते हैं ।

**४. पेड़ को तनाव से बचाव :-**

अत्यधिक गर्मी, ठंड या नमी के उतार-चढ़ाव से होने वाले तनाव को चूना कम करता है, जिससे पेड़ स्वस्थ रहता है और अच्छी मात्रा में फूल व फल देता है ।

सफेदी लगाने का सही समय

यह कार्य आमतौर पर फरवरी-मार्च और अक्टूबर-दिसंबर के महीनों में किया जाता है । इस समय मौसम अनुकूल होता है और पेड़ की बढ़वार धीमी रहती है, जिससे सफेदी अधिक प्रभावी होती है ।

महत्वपूर्ण सुझाव

सफेदी लगाने से पहले तने से काई, मिट्टी और ढीली छाल को साफ कर लें । बारिश के तुरंत बाद सफेदी न करें, ताकि लेप अच्छी तरह टिक सके ।

# जेष्ठ नागरिक भवन निर्माण कार्य अलपत्र

**पदमकुमार सरदार**

विराटनगर । मोरङको ग्रामथान गाउँपालिका वडा नं: ५ कखरमारीमा सुविधा सम्पन्न निर्माणधिन जेष्ठनागरिक भवन निर्माणको काम ओझेलमा परेको छ । सरकारले जेष्ठनागरिक भवन निर्माणको काममा चासो नदेखाएपछि अहिले भवन निर्माणको काम ओझेलमा परेको हो । यता भवन निर्माण गर्न तीन तहका सरकारसंग स्थानीय नेष्ठनागरिक हरुले आग्रह गरेका छन् ।



जेष्ठनागरिक भवन निर्माणका लागि २०८० मंसिर १७ गते तराई मधेश समृद्धि कार्यक्रम अन्तर्रगत २५ लाख ५१ हजार, ग्रामथान गाउँपालिका मोरङबाट ५ लाख र शहरी विकास तथा भवन कार्यालय विराटनगरबाट १९ लाख ३७ हजार सहित जम्मा ४९ लाख ८८ हजार लागतमा नेशनल निर्माण सेवा गढी-१ सुनसरीले भवन निर्माणको काम ठेका पाएको थियो ।

अहिले बजेट अभावका कारण जेष्ठनागरिक साझा चौतारी सेवा समाज नेपालको जेष्ठनागरिक भवन निर्माणको काम औझेलमा परेको स्थानीयहरुले बताएका छन् । यता जेष्ठनागरिक साझा चौतारी सेवा समाज नेपालका अध्यक्ष कमलप्रसाद भट्टराईले निर्माणधिन जेष्ठनागरिक भवनको अधुरा कामलाई सम्पन्न गर्न तीनै तहको सरकारसंग आग्रह गरेका छन् ।

कखरमारीमा निर्माणधिन रहेको जेष्ठनागरिक भवन दुई तल्लाको स्टिमेट गरिएको छ । भवनको पहिलो तल्लामा शौचालय र एउटा सभा हल सहति १२ वटा कोठा, रहने छ, भने माथिलो तल्लामा पनि सौचालय र एउटा सभा हल सहति १२ वटा कोठा, सुविधा सम्पन्न भवन निर्माण हुने अध्यक्ष भट्टराईले जानकारी गराए । भवन निर्माण भएपछि सयौं जेष्ठनागरिकहरुले विभिन्न विषयहरु माथि छलफल उनीहरुले गरेको अनुभवहरु साटा साट, भजन क्रितनलगायत विभिन्न धार्मिक सामाजिक क्रियाकलाप गर्नका लागि भवन निर्माण गर्न लागिएको अर्का जेष्ठनागरिक खड्गनारायाण सरदार र अम्बिका प्रसाद भण्डारीको भनाई छ ।

जेष्ठनागरिक भवन निर्माण गर्नका लागि श्री देवी माध्यामिक विद्यालय ग्रामथान-५ मोरङ तेतरीयाले एक कठ्ठा १७ धुर जग्गा उपलब्ध गराएको थियो । विद्यालय ब्यवस्थापन समितिले २०७८/ ०४ /०७ गतेको निर्णयबाट जेष्ठनागरिक साझा चौतारी सेवा समाज नेपाललाई जग्गा उपलब्ध गराएको सम्झौता पत्रमा उल्लेख छ । अहिले जेष्ठनागरिक भवन निर्माणको काम पहिलो तल्लाको छत ढलान भएको छ, भने अन्य काम बाँकी नै रहेको छ। जेष्ठनागरिक भवन निर्माण भएपछि ग्रामथान गाउँपालिका, कटहरी, बुढीगंगा गाउँपालिक, बेलवारी नगरपालिका, सुनदर हरैचा नगरपालिकालगायत मोरङका अधिकांस क्षेत्रका जेष्ठनागरिकहरुको बिश्राम स्थल बन्नेछ ।

**ट्राफिक नियमको पालना गरौं ।**
**सडक सुशासन कायम गरौं ।।**

## एमोले...

नीति तथा कार्यक्रममा बहस हुन दिएनन् । यस्तो वातावरण निर्माण गरे कि फरक मतले प्रवेश पनि पाएन ।

स्थायी समितिका सदस्य कर्ण थापा आफ्नो मत पेश गर्न माग गर्दै आधा घण्टा फ्लोरमा उभिए पनि बोल्न अनुमति पाएनन् ।

प्रतिनिधि छनोटमा जिल्लाहरूमा फरक समूहमा लाग्नेको राजनीति सिध्याउने धम्की दिइयो, पार्टी विरोधी करार गरियो र ईश्वरहरूले पार्टी विभाजन गर्छन् भनेर मनोवैज्ञानिक त्रास फैलाइयो । १०८ जना प्रतिनिधि मनोनयन एकलौटी गरियो ।

दशौं महाधिवेशनमा ओलीले मनोनित गरेका सदस्यहरू नै केन्द्रीय कमिटीको अत्यधिक संख्या रहेको हुँदा तिनले पनि ओलीलाई सहयोग पुग्यो । पार्टीको अफिसियल स्रोत ओली र उनको समूहको प्रचारमा एकलौटी रूपमा प्रयोग भयो । त्यसैले यो प्रश्न अहिले पनि जीवित छ : ओलीले जित्न त जिते तर यो कति वैधानिक हो र कति प्राविधिक ? उनले जितेका हुन् कि कब्जा गरेका हुन् ?

अर्को कुरा पनि यहाँ चर्चा गर्नु उपयुक्त हुनेछ । कमरेड ओलीले पार्टीलाई एकमना ढंगले आफ्नो मात्र कुरा सुन्ने, आदेश पालन गर्ने भक्तहरूको जत्थामा परिणत गर्न चाहेका थिए । फरक धारणा राख्नेलाई दमन गर्दै आएका थिए । ओली यस्तो सन्देश दिन चाहन्थे कि उनी विकल्पहीन हुन् । तर जतिले ईश्वरको समूहलाई (गोकर्ण, योगेश र सुरेन्द्र) मत दिए तिनले सिधै भने ओलीको पार्टी सञ्चालन शैली ठिक छैन (विष्ट र योगेशको मत कुल मतको ५० प्रतिशत भन्दा बढी हो) ।

तिमीले पार्टीलाई गलत बाटोमा लैजाँदै छौं । हामी बदल्न चाहन्छौं । यसले दिने सन्देश हो ओलीको आन्तरिक लेजिटिमेसी घटेको छ । प्रदीप ज्ञवालीको असन्तुष्टि, क्रस मतदान र अर्को खेमाका उम्मेदवारले पाएको समर्थनको स्तरले पनि ओलीको शक्ति र वर्चस्वमा ह्रास आएको संकेत गरिसकेको छ । उनी निकटका विष्णु रिमाल, शंकर पोखरेल, राजन भट्टराई र भानुभक्तले ल्याएको मतले पनि ओलीको इनर सर्कलप्रति उनकै गुटका कार्यकर्ताको नकारात्मक धारणा छ भन्ने पुष्टि गरेको छ ।

### योगेश-गोकर्णहरू अबका प्लेयर

यो महाधिवेशनले प्रदीप ज्ञवाली, पीएस गुरुङ, विष्णु पौडेल लगायत कतिपय पहिलो लहरका नेताको कान्ति क्षय भएको पनि देखायो । बरु पराजित भएर पनि ईश्वर पोखरेलले आफ्नो उचाइ बढाए । पौडेलले खुलस्त नबोलेर आफ्नो भूमिका खुम्च्याए ।

पीएसले ओलीसामु आत्म समर्पण गरे भन्ने बुझाइ उनका कार्यकर्ता र समर्थकमा पनि देखियो । यसले उनलाई राजनीतिक नोक्सानी भयो । प्रदीपले विचार, कार्यशैली र पद्धतिको कुरा नउठाएर लगाएको घुर्की उनका लागि नोक्सानदायक भयो ।

यो महाधिवेशनबाट एमालेमा सबैभन्दा बढी नाफामा योगेश भट्टराई, गोकर्ण विष्टहरू परे । उनीहरूले एमालेमा वैकल्पिक नेताका रूपमा आफ्नो छवि र भूमिका निर्माण गरे ।

### अझै भक्तिमार्ग निर्णायक

दुई दिन पहिले सेतोपाटीका सम्पादक मित्र अमित ढकालले एमालेमा भक्तिमार्गमा चिरा परेको सन्दर्भ उल्लेख गर्दै एउटा अर्थपूर्ण आलेख प्रकाशित गरेका छन् । त्यो आंशिक रूपमा सही पनि हो ।

तीन दिन प्रदर्शनी मार्गको माहोल हेरेर एमालेका कार्यकर्ताहरूको मनोविज्ञान बुझेपछि एउटा कुरा भन्न सकिन्छ- एमालेमा समूहगत विरोध र प्रतिस्पर्धा त खुलेको छ तर अझै पनि विचार, सिद्धान्त र समसामयिक राजनीतिमा एमालेको स्थान र भविष्यका बारेमा हुनुपर्ने आलोचनात्मक बहस मर्दै गएको छ ।

महाधिवेशनका प्रतिनिधिलाई कमरेड ईश्वर पोखरेलले वितरण गरेको अपिलमाथि मैले भेटेका कसैले पनि चर्चा गरेनन् । भदौ २३ र २४ गतेका घटनाका कार्यकारण सम्बन्धहरू, त्यसमा एमालेको भूमिका र आगामी दिनमा नेपालको उदार लोकतन्त्रवादी संविधानको भविष्य, कम्युनिस्ट आन्दोलन, कम्युनिस्ट पार्टीको भविष्यका बारेमा कसैले पनि चर्चा गरेको मैले देखिनँ, भेटिनँ ।

आउने निर्वाचन भएन भने के होला अथवा निर्वाचनले पनि समाधान दिएन भने देश कता जाला भन्ने चिन्ता पनि सुनिएन । आर्थिक रूपले जर्जर बनेको देशको भविष्यको चिन्ता पनि त्यहाँ सुनिएन । ओली समूहमा भक्तिमार्ग नै एक मात्र मुक्तिको बाटो हो भन्ने मनोविज्ञान बलशाली थियो ।

ओलीपक्ष महाधिवेशनलाई सत्ता कब्जाको एकसूत्रीय कार्यसूचीमा केन्द्रित गराउन चाहन्थ्यो । त्यसै तहको प्रतिवाद गर्नमा ईश्वर पक्ष सक्रिय थियो । विचार र पार्टीको भविष्यका कुरा सबै ओझेलमा थिए ।

मैले भेटेका केही प्रतिनिधि र समर्थकहरू ओली या शंकर लगायत व्यक्तिका आलोचक थिए तर विचारले नै समस्या सिर्जेको हो भन्ने अनुभूति थिएन । पार्टी जीवनको लोकतन्त्रीकरणलाई मुख्य मुद्दा बनाएको ईश्वर समूहले पनि विचारलाई प्राथमिकताका साथ बहसमा लैजाने र प्रतिनिधि तथा उम्मेदवार छनोटमा त्यसलाई आधार बनाउने कुरामा पर्याप्त ध्यान दिएको देखिंदैनथ्यो ।

### प्रदीप ज्ञवालीले गुमाएको मौका

अघिल्लो लेखमा मैले गुण्डु समूहका बारेमा लेख्दै गर्दा कमरेड प्रदीप ज्ञवालीका बारेमा पनि उल्लेख गरेको थिएँ । तर गुण्डु समूहले उनलाई पनि ऐन मौकामा इच्छा विपरित उपाध्यक्षमा उम्मेदवार बन्न अह्रायो । उनले आफूलाई शंकर पोखरेल भन्दा सिनियर रहेको र पार्टी तथा ओली समूह दुवैमा बढी योगदान गरेको दावी गरेका थिए । हुन पनि उनी २०५९ अघिबाटै बनेको ओली समूहमा सधैं लोयल रहेका थिए । उनले आफूलाई यसपटक पनि अवसर नदिएकोमा चित्त दुखाए र केन्द्रीय सदस्य पदमा मात्र उम्मेदवारी दिए ।

यहाँसम्म ठिकै पनि थियो । आफ्नो चित्त कुँढाएरै पनि अध्यक्षका पक्षमा उभिइरहनु, सहयोग गर्नु समूह पक्षधरका लागि स्वाभाविक पनि हो । तर उनले आफ्नो पीडा लुकाउन सकेनन् र उम्मेदवारी मनोनयन स्थलमा भक्कानिए । भोलिपल्टै उनै शंकर पोखरेललाई मत माग्दै पनि हिंडे । यसले उनको राजनीतिक कच्चापन मात्र उजागर गरिदियो । अनलाईन खबरबाट

# नयाँ विद्यार्थीलाई स्वागत पुरानालाई विदाई




विराटनगर । विराटनगर-४ बरगाछी, सप्तकोशी मार्गमा रहेको नेशनल इन्स्टिच्यूट अफ टेकनोलोजीले नयाँ भर्ना भएको विद्यार्थीहरुलाई स्वागत सम्मान गरेको छ भने पूराना विद्यार्थीहरुलाई विदाई विदाइ गरेका छन् ।

प्रमुख अतिथि प्रोफेसर डा.नीलाम्बर झाले कार्यक्रमलाई समुद्घाटन गर्दै सिटिईभीटीले दिने छोटो अवधिको शिक्षाले विद्यार्थीको जीवन उकास्ने गरेको वताउँदै सिटिभीईटीलाई पाठ्यक्रमवाट एक्सपायर डेटेड सामग्री आग्रह गरेका थिए । सिटिईभीटीले दिने शिक्षा नेशनल इन्स्टिच्यूट अफ टेकनोलोजीले दिएर समाजलाई स्वरोजगार मुखि बनाउन योगदान गरि रहेकोमा धन्यवाद दिएका थिए ।

नेशनल इन्स्टिच्यूट अफ टेकनोलोजीमा २०७९ सालको शैक्षिक सत्रमा भर्ना भएका ३९ जना एच.ए र २० जना ल्याब टेक्निसियन बिधार्थीहरूलाई बिदाई गरेको थियो । त्यसैगरी २०८२ शैक्षिक सत्रमा भर्ना भएका एच.ए, ल्याब टेक्निसियन र डिप्लोमा फार्मेसीका छात्र छात्रा स्वागत सम्मान गर्दै अभिमुखिकरण गराएका थिए ।

उक्त स्वागत सम्मान तथा विदाई समारोहका बिशिष्ट अतिथि सिटिईभीटीका कोशी प्रदेश निर्देशक श्रीमती मीना खरेल र प्रमुख अतिथि प्रोफेसर डा. नीलाम्बर झा लाई सम्मान गरिएको थियो । कार्यक्रममा विशिष्ट अतिथिहरू ,अतिथि र शिक्षकहरूले सारगर्भित मन्तव्य द्वारा सभालाई नेशनल इन्स्टिच्यूट अफ टेकनोलोजीका संस्थापक अध्यक्ष भगवान झाले सम्मान गरेका थिए ।

बिचार्थी भाई बहिनीहरूको प्रतिभा अति प्रशंसनीय देखेर करतल ध्वनीका साथ अभिभावकहरू सम्मान गरेका थिए । नेशनल इन्स्टिच्यूट अफ टेकनोलोजीका प्रिन्सिपल जितेन्द्र झाले स्वागत मन्तव्य दिंदै कार्यक्रमको उदेशय माथी प्रकाश पारेका थिए ।

संस्थापक अध्यक्ष भगवान झाको अध्यक्षतामा नयाँ विद्यार्थीलाई अभिमुखिकरण पुरानाई विद्यार्थीहरुलाई विदाई कार्यक्रम सम्पन्न भएको थियो ।

# प्रदीप ज्ञवालीको मौन विद्रोह

**दुर्गा खनाल**

प्रदीपले यतिबेला कमसेकम पार्टीमा ओली र शंकरले हुर्काएको अराजनीतिक चरित्रका विपक्षमा बोल्न र पार्टीलाई सुधारतिर लैजान अपिल गरेको भए पार्टीका लागि ठूलो योगदान हुन्थ्यो ।

प्रदीप ज्ञवालीले जिल्लाहरूमा पार्टी प्रतिनिधि छान्न गरिएका जालझेलको विरोध गरेनन् । प्रतिनिधि मनोनयनमा एकलौटी गरिंदा विरोध गरेनन् । पुराना र दुःखको बेला योगदान गरेका नेता, कार्यकर्तालाई अपमान गर्दै अराजनीतिक व्यक्तिहरूलाई पार्टीले प्रतिनिधि या केन्द्रीय कमिटीमा अवसर दिंदा त्यसको विरोध गरेनन् । गुण्डु समूहले कमरेड ईश्वर पोखरेल र उनको समूहका अरू नेताको बदख्वाईं र अपमान गर्दा त्यसो नगर्न कहिल्यै भनेनन् । र मतदान अगाडि पार्टीका प्रतिनिधिहरूलाई स्वतन्त्र र भयरहित भएर विवेकपूर्ण रूपमा मत दिन अपिल पनि गरेनन् ।

ओली शंकरका हरेक क्रियाकलापलाई समर्थन गरिरहनु र बाहिर आँसु बगाउनु उनको जत्तिको राजनीतिक इतिहास र व्यक्तित्व भएका नेताका लागि सुहाउँदो कुरा थिएन । उनले समेत गोडमेल, मलजल गरेर जस्तो संस्कृति पार्टीभित्र हुर्काइएको थियो त्यस्तै फल्यो । यो त भाइलाई दुइटा मिठाई मलाई एउटा मात्र भनेर केटाकेटीले रोए जस्तो देखिन गयो । उनले आफ्नो मात्र मत आए पनि महासचिवमा प्रतिस्पर्धा गर्छु भनेर उम्मेदवारी दिएको भए यो संघर्ष अर्थपूर्ण हुन्थ्यो ।

पार्टी कति गलत ढंगले चलेको छ भन्ने कुरा त अनुशासन आयोगको अध्यक्षबाट विदा लिएर राजनीतिक निवृत्तितिर लागेका कमरेड केशव बडालले ग्लोबल टकलाई दिएको अन्तर्वार्तामा व्यक्त गरेको विचार र भावनाले देखाउँछ । यसमा पनि कमरेड ज्ञवाली चुप लागे । कठोर राजनीतिका निर्मम क्षणमा चाहिने भन्दा बढी नै भावुक बनेर कमरेड ज्ञवालीले नेता बन्ने अवसर गुमाउन पुगे ।

अझै पनि, भविष्यमा पार्टीको महासचिव या अध्यक्ष पनि हुने सम्भावना कायमै रहेका कमरेड प्रदीपलाई शुभकामना दिंदै म यति भन्छु- पद्धति राम्रो बनाउनमा समय खर्चिनुस् अनि मात्र तपाईंले जस्तो अरूले पनि पार्टीमा अन्याय भएको महसुस गर्नुपर्ने छैन ।

मन हो नेताको पनि दुख्छ, जनताको पनि दुख्छ । भदौ २३ गते गोलीले जीवन छिनिएका कलिला युवायुवती सम्झेर आँसु नबगाउने र उनीहरूका आफन्तको पीडामा नुन छर्कंदै त्यो बलिदानको दानवीकरण गर्न छाड्नुस् । अनि मात्र तपाईंको आँशुको पनि सम्मान हुन्छ । मेरो समानुभूति तपाईंसँगै छ ।

### जोखिमतिर

ओलीको यो जीत नेपाली राजनीतिका आगामी दिनका लागि खासै सुखद् खबर होइन । उनको जीतले जुन प्रवृत्ति विरुद्ध सडकमा रगत बगेको थियो, जसका कारणले नेपाल इतिहासकै सबैभन्दा क्रूर क्षणमा फसेको थियो; तिनले प्रोत्साहन पाउने छन् ।

कांग्रेसमा समेत देउवालाई फेरि प्रधानमन्त्री बनाउन चलखेल शुरु हुनसक्ने भएको छ । यसले अहिलेको राजनीतिलाई थप निराशा र दक्षिणपन्थी ध्रुवीकरणतिर लैजानेछ । भदौ २४ को अश्लील संस्करणहरू दोहोरिन सक्छन् । देश अस्थिरतातिर धकेलिन सक्छ ।

### मनपरेको कुरा

आम जनतासँग एमालेको सम्बन्ध कस्तो छ भन्ने कुरा त आगामी निर्वाचनले थाहा देला तर प्रदर्शनीमार्गमा एमाले नेता-कार्यकर्तामा देखिएको उत्साह लोभलाग्दो थियो । देशभरबाट आएका प्रतिनिधि मात्र होइन प्रतिनिधि हुन नपाएका दुवै समूहका नेता-कार्यकर्ता सडकमा चहलपहल गरिरहेका थिए । नाचगान, प्रचार र भेटघाटले तिनलाई उत्साह थपिरहेको देखाउँथ्यो ।

भदौ अन्तिम साताका घटनामा सत्ताबाट लघारिएका प्रधानमन्त्रीको दलका कार्यकर्तामा यति छिटै देखिएको उत्साह र भएको सहभागिताले एमाले नेपाली राजनीतिमा आउने दिनहरूमा पनि सान्दर्भिक रहने छ भन्ने कुरालाई पुष्टि गर्छ । एमाले नेतृत्व र पार्टी दुवैका लागि यसको सकारात्मक प्रभाव पर्ने कुरा चैं निश्चित छ । यसका लागि एमाले र त्यसका नेता, कार्यकर्तालाई बधाई । अनलाईन खबरबाट







## वडा वासीहरुको लागि जनहितमा जारी सूचना

- आफ्नो घर आगँन सफा राखौ ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौ ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔं।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ ।
- सडक बाटोको अतिक्रमण नगरौ ।

**वडा अध्यक्ष : मधुबाबु तिवारी**

७ नं. वडा कार्यालय,
विराटनगर महानगरपालिका,
मोरंग, कोशी प्रदेश